# दोरम्वा गाउँपालिकाको सँशोधित आर्थिक विधेयक २०७६

दोरम्वा गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः दोरम्वा गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को आर्थिक ऐन २०७६ लाइ सँशोधन गरि अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दोरम्वा गाउँ सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " सँशोधित आर्थिक विधेयक, २०७६" रहेको छ

(२) यो ऐन २०७६ साल गाउँसभावाट स्वीकृत भएको मितिदेखि दोरम्वा गाउँ क्षेत्रमा लागू हुनेछ ।

१. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचि १२

**कार्यालयबाट दैनिक संकलन कर, दस्तूर, शूल्क सम्वन्धी विवरण**

| क्र. स. | विवरण | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | सर्जमिन दस्तुर | रु २००.०० | मृतकको सर्जमिन वाहेक अन्यको हकमा |
| २ | वडा मुचुल्का प्रमाणित | रु २०० | |
| ३ | जग्गा नामसारी सिफारिस | रु २०० | |
| ४ | घर वाटो सिफारिस प्रति रोपनी | | |
| | अवल | रु ५० | |
| | दोयम | रु ४० | |
| | सिम | रु ३० | |
| | चहार | रु २० | |

**घटना दर्ता प्रमाणित शुल्क**

| क्र. स. | विवरण | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | जन्मदर्ता प्रमाणित | १५० | |
| २ | विवाह दर्ता प्रमाणित | १५० | |
| ३ | मृत्यु दर्ता प्रमाणित | १५० | |
| ४ | वसाईसराइ प्रमाणित | १५० | |
| ५ | सम्वन्ध विच्छद प्रमाणित | १५० | |